# सिपाही

पाक्षिक

रातो र चन्द्र सूर्य जङ्गी निशान हाम्रो
जिउँदो रगत सरी यो बल्दो यो शान हाम्रो
हिमाल झैं अटल यो झुकेन यो कहिल्यै
लत्रेन यो कहिल्यै जङ्गी निशान हाम्रो
यो जन्मदै जगतमा कैयौं प्रहार आए
साम्राज्य दुई हारे हारेन शान हाम्रो
जबसम्म चन्द्र सूर्य आकाशमा रहन्छन्
तबसम्म हुन्छ आफ्नै रातो रगत यो हाम्रो
गाई सरी छन् साधु जो जो यहाँ जगत्मा
सबको शरण बलियो जङ्गी निशान हाम्रो

वर्ष ७ अङ्क २ पृष्ठ ८ १५ भदौ २०६८


## सैनिक गानका श्रष्टाहरू सम्मानित

यही भदौ २ गते साँझ सम्माननीय प्रधानमन्त्री (निवर्तमान) श्री झलनाथ खनालको प्रमुख आतिथ्यमा जंगी अड्डास्थित सभामण्डपमा नेपाली सेनाद्वारा आयोजित एक विशेष समारोहमा सैनिक गानका श्रष्टाहरुलाई सम्मान गरिएको छ ।



निवर्तमान प्रधान मन्त्री श्री झलनाथ खनाल गायक तथा संगीतकार श्री अम्बर गुरूङ्गलाई नेपाली सेनाको मानार्थ महासेनानीको दर्ज्यानी चिन्ह प्रदान गर्नुहुँदै ।

"रातो र चन्द्र सूर्य जङ्गी निशान हाम्रो" बोलको नेपाली सेनाको सैनिक गानका श्रष्टाहरुलाई सम्मान गर्ने नेपाल सरकारको निर्णय बमोजिम सम्माननीय प्रधानमन्त्री श्री खनालले उक्त गानका रचनाकार स्वर्गीय श्री गोपाल प्रसाद रिमाललाई मरणोपरान्त प्रदान गरिएको मानार्थ महासेनानीको दर्ज्यानी चिन्हसहितको सैनिक पोशाक र कदर-पत्र स्वर्गीय रिमालकी धर्मपत्नी श्रीमती हरिदेवी रिमाललाई प्रदान गर्नुकासाथै दोसल्ला ओढाइ सम्मान गर्नु भयो ।

यसैगरी उहांले उक्त गानका संगीतकार तथा गायक श्री अम्बर गुरुङ्गलाई मानार्थ महासेनानीको दर्ज्यानी चिन्ह,टोपी र कदर-पत्र तथा सह-गायक श्री फत्तेमान राजभण्डारीलाई सम्मानस्वरुप राष्ट्रिय पोशाक तथा कोट र कदर-पत्र प्रदान गर्नुभएको थियो । बाँकी पृष्ठ ४ मा

## सैन्य आधार तालिमको दलेल कवाज सम्पन्न

गत कार्तिकबाट विभिन्न सैनिक युनिटहरुमा सञ्चालन भएका सैन्य आधार तालिमहरु यही भदौ २ गते सम्पन्न भएका छन् ।



दलेल कवाज निरीक्षणका क्रममा रथी श्री नेपालभूषण चन्द ।

प्राप्त जानकारीअनुसार सैन्य तालिम केन्द्र, त्रिशूलीमा सञ्चालित सि सं ५७ सन्ताउन्न सैन्य आधार तालिमको अन्तिम दलेल कवाजको बलाधिकृत रथी श्री नेपालभूषण चन्दले सलामी ग्रहण तथा निरीक्षण गर्नुभयो । सो अवसरमा रथी श्री चन्दले तालिममा सर्वोत्कृष्ट हुने सैन्य जवानलाई खुकुरी प्रदान गर्नुका साथै विभिन्न इभेन्ट्समा उत्कृष्ट हुने सैन्य जवानहरुलाई पुरस्कृत गर्नुभयो । उक्त तालिम ८१४ जना सैन्य जवानहरुले पूरा गरेका छन् ।



अन्तिम दलेल कवाजको निरीक्षणका क्रममा उपरथी श्री राम बहादुर गुरुङ्ग ।

यसैगरी एकीकृत सैनिक तालिम केन्द्र सालझण्डी अन्तर्गत नं. ३ सैन्य तालिम गुल्ममा सन्चालित सि सं १ सैन्य आधार तालिमको अन्तिम दलेल कवाजको सैनिक विनय महानिर्देशक उपरथी श्री राम बहादुर गुरुङ्गले सलामी ग्रहण तथा निरीक्षण गर्नुभयो । सो तालिम ६७८ जना सैन्य जवानहरुले पूरा गरेका छन् । .......बाँकी पृष्ठ ५ मा

## प्रधानसेनापतिद्वारा शान्ति स्थापनार्थ लेवनान खट्टिई जाने फौजको निरीक्षण

यही भदौ ७ गते प्रधानसेनापति महारथी श्री छत्र मान सिंह गुरुङ्गले संयुक्त राष्ट्र संघको आह्वानमा शान्ति स्थापनार्थ युनिफिल मिशन लेवनानमा तैनाथ हुनजाने श्री चण्डिदल गण (शान्ति सेना) ५० औं डफ्फाद्वारा पाँचखालस्थित श्री वीरेन्द्र शान्ति कार्य तालिम केन्द्रमा प्रस्तुत प्रि-डिप्लोएमेन्ट तालिमको निरीक्षण गर्नुभयो ।

उक्त अवसरमा प्रधानसेनापति महारथी श्री गुरुङ्गले नेपाली सेनाका परमसेनाधिपति सम्माननीय राष्ट्रपति डा.श्री रामवरण यादवद्वारा दिइएको शुभ-कामना सन्देश पढेर सुनाउनु भएको थियो ।



शान्ति सैनिकहरुलाई सम्बोधन गर्नुहुँदै प्रधानसेनापति महारथी श्री छत्र मान सिंह गुरुङ्ग ।

उक्त सन्देशमा वर्तमान अवस्थामा कतिपय राष्ट्रहरु आन्तरिक विद्रोह, राष्ट्रिय कलह र धार्मिक संघर्षमा रुमल्लिरहेको अवस्थामा नेपाल सरकारको प्रतिवद्धता बमोजिम विश्व शान्तिका लागि नेपाली सेनाले देखाएको समर्पण भाव र सेवा उदाहरणीय रहेको कुरा उल्लेख गरिनुकासाथै पेशागत दक्षताको आधारमा मानवअधिकारको उच्च सम्मान, प्रजातान्त्रिक मान्यता, असल आचरण तथा मानवीय सहयोगको भावना राखि नेपालको शान्तिप्रतिको प्रतिवद्धता संसारमा फैलाउन नेपाली शान्ति सैनिक सफल हुने कुरासमेत उल्लेख छ ।

सोही अवसरमा प्रधानसेनापति महारथी श्री गुरुङ्गले शान्ति सैनिकहरुलाई सम्बोधन गर्नुहुंदै निःस्वार्थ भावनाले अनुशासितभई ज्यानको समेत पर्वाह नगरी आ-आफ्नो जिम्मेवारी सफलतापूर्वक सम्पन्न गरी नेपाल र नेपाली सेनाको छविलाई अन्तर्राष्ट्रिय जगतमा उजागर गर्न नेपाली शान्ति सैनिकबाट हरप्रयास हुनेमा आफू विश्वस्त रहेको उल्लेख गर्नु भयो ।

उक्त कार्यक्रममा रक्षासचिव श्री नविन घिमिरे, बलाध्यक्ष रथी श्री गौरव शम्शेर ज.व.रा.लगायत नेपाली सेनाका उच्च पदस्थ अधिकृतहरुको समेत उपस्थिति रहेको थियो ।

## समन्वयात्मक बैठक सम्पन्न

जंगी अड्डा परिसरमा सञ्चालित पृतनापतिहरुको समन्वयात्मक बैठकको प्रधानसेनापति महारथी श्री छत्र मान सिंह गुरुङ्गले यही भदौ ६ गते समापन गर्नुभयो ।

उक्त अवसरमा प्रधान सेनापति महारथी श्री गुरुङ्गले नेपाली सेनाको संसद, सरकार तथा अन्य निकायहरुसँगको सम्बन्ध एवं सैनिक नागरिक सम्बन्ध अभिबृद्धि भइरहेको कुरा उल्लेख गर्नुहुनको साथै विगत २ वर्षदेखि लगातारको तालिम वर्षले नेपाली सेनाको व्यवसायिकता अभिवृद्धिमा अपेक्षित लक्ष्य हासिल गर्न सफल भएको कुरा व्यक्त गर्नु भयो ।

व्यवस्था तथा युद्धकार्य महानिर्देशक उपरथी श्री दमन बहादुर घलेको स्वागत मन्तव्यबाट



समन्वयात्मक बैठक समापनपछिको सामूहिक तस्विर ।

शुभारम्भ भएको भएको उक्त वैठकमा पृतनापतिहरुले आ-आफ्नो जिम्मेवारी क्षेत्रको वस्तुस्थिति तथा चुनौतिहरु र भईरहेका गतिविधिहरु तथा दैनिक कार्य संचालनमा देखिएका कठिनाईहरुबारे जानकारी गराउनु भएको थियो । यसैगरी, सहभागी विभागीय प्रमुख तथा महानिर्देशकहरुबाट कार्य संचालनमा देखा परेका कठिनाईहरुलाई सहज तुल्याउन जंगी अड्डाको तर्फबाट भईरहेका प्रयासहरुबारे अवगत गराईएको थियो । उक्त बैठकमा रक्षा सचिव, रथीवृन्द, पृतनापतिहरु तथा निर्देशकहरुको समेत सहभागिता रहेको थियो ।

**प्रधान सम्पादक :** प्रा.म.से. किरण बाबु थापा
**प्रबन्ध निर्देशक :** म.से. कुवेरथापा
**सम्पादक :** प्रा.प्र.से ईश्वर कुमार श्रेष्ठ
**सह–सम्पादक :** सह–सेनानी भैरव लिम्बु
**प्रकाशक :** श्री सैनिक जनसम्पर्क निर्देशनालय, श्रव्यदृश्य महाशाखा, प्रचार–प्रसार शाखा, जङ्गी अड्डा,
**फोन :** ०१–४२४१७३१, **E–mail:–** sipahipatrika@gmail.com
*१५ भदौ २०६८/1st Sept 2011.*

## शाश्वत वाणी

बुद्धिमान कहिल्यै आफ्नो हानीमा शोक गर्दैन, तर प्रशन्नतापूर्वक आफ्नो क्षतिलाई पूरा गर्ने उपाय अपनाउँछ । -विलियम शेक्सपियर

आत्म-शासन नै शिष्टताको चमक हो । -इमर्शन

खराब कर्मबाट हुने हानीबाट कोही पनि उम्केर भाग्न सक्दैन । -गौतम बुद्ध

*सम्पादकीय...*

# सैनिक गानका श्रष्टाहरुप्रति साधुवाद

गीत, संगीत तथा साहित्य मानव समाजको सुन्दरतम पाटो हो । यसवाट नै मानव समाजको सभ्यताको स्तर, विकासको गति र सामाजिक पृष्ठभूमि आदि कुराहरुको जीवन्त प्रतिबिम्बन हुने गर्दछ । जीवन र जगतको वहुआयामिक पक्षहरुलाई उजागर गर्न समाज विकासको प्रारम्भदेखि नै मानव जातिले अभ्यास गर्दै आएको यही सुन्दर कलात्मक अभिव्यक्ति गीत, संगीत र साहित्य, जसको माध्यमबाट मानवमस्तिष्कमा नयाँ ऊर्जा उत्सर्जन गर्ने सर्जकहरु साँच्चिकै महान हुन्छन् । वास्तवमा जीवनका आयामहरु रसमय अनि रंगमय छन् । यिनै रस र रंगहरुको संयोजनसँगै वहने यस विधाका कर्मीहरु साँच्चै सम्मानयोग्य हुन्छन् ।

यसै महिनाको पहिलो साता नेपाल सरकारले नेपाली गीत, संगीत तथा साहित्य क्षत्रका तीन जना वरिष्ठ व्यक्तित्वहरुलाई सम्मान गरेको छ । सम्मानित हुनेहरुमा नेपाली सेनाको सैनिक गानको रुपमा रहेको 'रातो र चन्द्र सूर्य' वोलको गीतका सर्जकहरु क्रमशः रचनाकार स्व. गोपाल प्रसाद रिमाल, संगीतकार तथा गायक अम्बर गुरुङ्ग र गायक फत्तेमान राजभण्डारी रहनुभएको छ ।

सैनिक गानको रुपमा छनौट भएको रातो र चन्द्र सूर्य वोलको गीतको लागि उहाँहरुलाई यो सम्मान प्रदान गरिएको हो । सम्मानित तीनै जना व्यक्तित्वहरु नेपाली गीत, संगीत तथा साहित्य क्षेत्रका होनहार प्रतिभा हुनुहुन्छ । यस क्षेत्रमा उहँहरुको योगदान चीर स्मरणीय रहेको छ ।

हुनत, सम्मानित सर्जकहरुको कुरा गर्दा उहाँहरुका अनगिन्ती रचना एवं सृजनाहरु आम नेपाली श्रोता तथा पाठकहरुको मानसपटलमा ताजा छन् तर सैनिक गानको रुपमा छानिएको 'रातो र चन्द्र सूर्य' नामक गान जसको लागि उहाँहरुलाई सम्मान गरिएको छ । यसको बारेमा थोरै परिचर्चा गर्दा यो गीत राष्ट्रियता, स्वाधिनता र समग्रमा वर्तमान हुँदै भविष्यको समेत सुन्दर परिकल्पनामा केन्द्रित छ । यस गीतले हरेक नेपालीलाई चन्द्र,सूर्य अङ्कित राष्ट्रिय झण्डा विश्वमै चिनाउनको लागि प्रेरित गरिरहन्छ । वास्तवमा स्वाधिनताको तीव्र आकांक्षामा खुकुरी र तरवार रणभूमिमा नचाउँदै विश्वमा कमाएको 'वीर गोरखाली'को पहिचानप्रति गौरव गर्न र त्यही वीरासतलाई कायम राख्दै युग-युगान्तरसम्म शीर ठाडो पार्न प्रेरित गरिरहने यो गीत प्रत्येक नेपालीको ढुकढुकी बनेर रहेको छ । आधुनिक नेपालको इतिहास र राष्ट्रिय स्वाधिनतासँग अभिन्न रुपले जोडिएको नेपाली सेना, अनवरत राष्ट्रिय सेवाको क्रममा आज जुन ठाउँमा आइपुगेको छ, यस संगठनको इतिहास र त्यसभित्र निहित त्याग र बलिदानको गाथाहरुसँग पनि यसको भावना मिल्ने भएरै यो गीत सैनिक गानको रुपमा छानिएको हो । आज यसै गीतको भावनासँगै आफ्नो राष्ट्रिय सेवाका दिनचर्या सञ्चालन गर्ने नेपाली सेना आफ्नो कर्तव्यमा दृढ एवं कटिवद्ध छ र आवश्यकताको घडिमा राज्यबाट प्राप्त जस्तोसुकै जिम्मेवारीहरु पूरा गर्न कृत संकल्पित छ ।

अतः राष्ट्रिय सेवामा समर्पित वर्दिधारी सिपाहीहरु वा आम नागरिक सबैमा उही जोश, जाँगर र उर्जा प्रदान गर्ने यो गीतका सर्जकहरु सम्मानित हुनु अत्यन्त उल्लेखनीय कुरा हो । अझ ति व्यक्तित्वहरुको मात्र नभएर सृजनात्मक क्षेत्रबाट राष्ट्रिय सेवामा संलग्न सम्पूर्ण सर्जकहरुको सम्मान हो । जे होस्, मरणोपरान्त मानार्थ महासेनानीको दर्जाबाट सम्मानित साहित्यकार स्व. गोपाल प्रसाद रिमालप्रति *'सिपाही पाक्षीक'*को हार्दिक शब्दश्रद्धा ! त्यसैगरि मानार्थ महासेनानीकै दर्जाबाट सम्मानित हुनुहुने बरिष्ठ संगीतकार अम्बर गुरुङ्ग र अर्का सम्मानित व्यक्तित्व गायक फत्तेमान राजभण्डारीप्रति हार्दिक बधाइ तथा शुभकामना !

# सरुवा रोग

तपाईंको स्वास्थ्य

## परिचय

रोग एक व्यक्ति वा जीवित प्राणीबाट अर्को जीवित प्राणीमा कुनैपनि माध्यमबाट सर्छ र निरोगी व्यक्तिलाई रोगी बनाउँछ भने यस प्रकारको रोगलाई सरुवारोग भन्दछन् । एकै ठाउँ वा नजिकैको धेरै मानिसहरुलाई एकै समयमा एकै किसिमको रोग लागेमा त्यसलाई महामारी भनिन्छ । सरुवा रोग छिटोछिटो फैलिएपछि त्यो महामारी हुन्छ । तसर्थ सरुवा रोग पनि महामारीमा परिणत हुनसक्छ ।

### रोग सर्ने माध्यमहरु

रोग सर्ने माध्यमहरुकै आधारमा सरुवारोगको वर्गीकरण गरिएको हुन्छ ।

- दुषित हावाको माध्यमबाट सर्ने रोगहरु (क्षयरोग, दादुरा, मेनिन्जाईटिस, लहरेखोकी, विफर ठेउला आदि )
- दुषित पानीबाट सर्ने रोगहरु (टाइफाईट, आउँ, झाडापखाला, हैजा, जुका आदि)
- जनावर र कीराको टोकाइबाट सर्ने रोगहरु (रेविज, औलो, कालाजार, धनुष्टंकार आदि )
- यौनसम्पर्कबाट सर्ने रोगहरु (भिरंगी, एच.आई.भी/एड्स र अन्य यौनजन्य रोगहरु आदि )
- छालाको संसर्गबाट सर्ने रोगहरु (लुतो, आँखा पाक्ने आदि )

सरुवारोगको कीटाणुहरु विरामीको शरीरबाट दिशा, पिसाव, थुक, र्‍याल, सिंगान, खकार, पिप, रगत, घाउ र शरीरबाट निस्कने अन्य श्रावहरुबाट बाहिर आउँछन् । खाना र पानीमा मिसिएर पाचन नलीमा, हावामा मिसिएर श्वासप्रश्वास नलीमा र घाउ, कमजोर छाला, झिल्ली र सुईबाट पनि छाला र झिल्ली हुँदै शरीरमा पस्दछन् ।

### महामारी र सरुवा रोग सर्ने कारणहरुः-

विशेष गरेर सरुवा रोग तथा महामारी वातावरणीय तथा व्यक्तिगत फोहोरको कारणले फैलन्छ । निम्न लिखित कुराहरु सरुवारोग सर्ने कारणहरु हुन्ः- प्राकृतिक प्रकोप (वाढी, पहिरो, भुईचालो आदि),ज्यादै बाक्लो बस्ती, दूषित पिउने पानी र खाना सरसफाई कमी स्वास्थ्य शिक्षाको कमी, गरीबी, मौसम वा ऋतु परिवर्तन, वातावरण प्रदुषण, पोषिलो तत्वको कमी, कलकारखानामा दुर्घटना ।

### महामारी र सरुवा रोग रोकथाम गर्ने उपायहरुः

समुदायमा स्वास्थ्य सम्बन्धी जानकारी फैलाउने । के के गर्ने हो त्यसको राम्रोसँग कार्ययोजना बनाउनुपर्छ । सफा पिउने पानीको व्यवस्था मिलाउने । आवश्यक ठाउँमा खवर गर्ने । उद्धार शिविरको प्रबन्ध मिलाउने । रोगका कारणहरु हटाउने । सरसफाइ अभियान चलाउने । घर वरिपरि सफा राख्ने । चर्पी प्रयोग गर्ने । यदि चर्पी घरमा छैनभने साधारण खाल्टे चर्पी निर्माण गर्ने । रोगसँग लड्ने तागत बढाउने किसिमका खाने कुरा खाने । आफूले गर्न सक्ने होसियारी आफै गर्ने ।

### पूर्व तयारी

स्वास्थ्य चौकी तथा उप-स्वास्थ्य चौकीमा स्वास्थ्य शिक्षा दिने कुराको व्यवस्था मिलाउने । जनसमुदायमा तालिमको व्यवस्था मिलाउने रोगबाट बच्ने उपायबारे ज्ञान दिने । जनचेतना फैलाउने । ईमर्जेन्सी सेवा चालु गर्नेबारे तालिमको व्यवस्था मिलाउने ।

### समुदायमा महामारी फैलिएमा गर्ने कार्यहरु

समुदायका सम्पूर्ण सदस्यहरुलाई महामारी सम्वन्धी जानकारी गराउनु पर्दछ । निरोगी मानिसलाई बिरामीको लसपसबाट टाढा राख्नुपर्दछ र केटाकेटीहरुमाथि विशेष ध्यान दिनु पर्दछ । सफा पानीको प्रयोग, सुरक्षित सफा र ताजा खानेकुरा खान र ठीक ठाउँमा चर्पीको प्रयोग सबैलाई सल्लाह सुझाव दिनुपर्छ । स्थानीय संघसंस्था, स्वास्थ्य अधिकारीलाई, धेरै मानिसहरु माझ महामारी फैलिएको कुराको सूचना गरी सरसल्लाह गर्नु पर्दछ र सबैको सहयोग तथा समन्वयमा आवश्यक कार्यको यथाशक्य छिटो थालनी गर्नु पर्दछ । विरामीको हेरचाहमा मद्दत गर्नु पर्दछ । महामारीको कारणको खोजी पनि गर्दै जानु पर्दछ । महामारीको कारण पत्ता लगाई सकिएपछि त्यसलाई नियन्त्रण गर्न प्रयास गर्नु पर्दछ । समुदायलाई चनाखो र सचेत बनाई राख्नु पर्दछ ।

स्रोतः राष्ट्रिय स्वाथ्य शिक्षा सूचना तथा सञ्चार केन्द्र, टेकु ।

# मानव अधिकार तालिम समापन

मानव अधिकार निर्देशनालयले नं. १० बाहिनी अड्डामा मानव अधिकार र सशस्त्र द्वन्द्वको कानून तालिम सञ्चालन गरेको छ । सो तालिमको गत साउन २७ गते मानव अधिकार निर्देशनालयका निर्देशक प्राड स.र. श्री निरेन्द्र प्रसाद अर्यालले एक कार्यक्रमकाबीच अन्तिम प्रवचन गर्नुभइ शिक्षार्थीहरुलाई प्रमाण पत्र वितरण गर्नुभयो ।

यसअघि सहायक रथी श्री अर्यालले गत साउन २६ गते मानव अधिकार र अन्तर्राष्ट्रिय मानवीय कानुनको सम्बन्धमा नेपाली सेनाले गरेको प्रयास र चुनौतीका विषयमा व्याख्यान दिनुभएको थियो । नं. १० वाहिनीपति सहायक रथी श्री प्रल्हाद थापाले साउन २२ गते शुभारम्भ गर्नुभएको सो तालिममा नं. १० वाहिनी अफ्ना अन्तर्गतका १३ जना अधिकृत, २० जना पदिक र २ जना अन्यदर्जा गरी ३५ जना शिक्षार्थीहरुको सहभागिता रहेको थियो ।

# शिवदल गणको बार्षिकोत्सव सम्पन्न

गत साउन ८ गते शिवदल गणले आफ्नो स्थापनाको १३१ औं बार्षिकोत्सव मनाएको छ । नं. ५ वाहिनीपति सहायक रथी श्री देव कुमार सुवेदीको प्रमुख आतिथ्यमा सम्पन्न सो बार्षिकोत्सव कार्यक्रममा मनोरञ्जनात्मक कार्यक्रम, पाहुना खेल तथा अन्तरगुल्म प्रतिष्पर्धाका विजयी लगायत उत्कृष्ट कार्यगर्ने जवान र सर्वोत्कृष्ट वर्ष जवानलाई पुरस्कृत गरिएको थियो ।

यसैबीच वार्षिकोत्सवकै अवसर पारेर शिवदल गणले विभिन्न मितिमा करीब ८ सय विरुवा रोपेको उक्त गणले जनाएको छ ।

# नेपालको सैनिक इतिहास

(साभार: नेपालको सैनिक इतिहास भाग-१)

**अघिल्लो अङ्कबाट बाँकी क्रमश:**

राजेन्द्रविक्रम शाहको कमजोरीबाट फाईदा उठाई ती भारदारहरुका बीचमा शक्तिको निमित्त तँछाड-मछाड हुन थालेपछि उनीहरुले आफ्नो तैनाथमा रहेका सेनालाई राजनैतिक षड्यन्त्रमा अप्रत्याशित रुपबाट मुछेर कोतपर्वको भयावह स्थितिको सृजना गरिदिए र अन्तत: सयौं भारदारहरुको मृत्युभई जंगबहादुरको उदय भयो। जंगबहादुरको उदयपछि त सैनिकवादकै प्रारम्भ भयो।

यसरी भीमसेन थापाको मृत्युपछि सैनिक संगठनमा अनेक विसंगतिहरु देखापार्न आएतापनि भीममसेन थापाले सैनिक संगठनलाई केन्द्रीय प्रशासन अन्तर्गत एउटा प्रमुख अंगका रुपमा उभ्याउने प्रयास गरे भने राणाकालमा यो केन्द्रीय प्रशासनको अभिन्न अंग कायम हुन गयो। २००७ सालको क्रान्तिपछि भने सैनिक संगठनलाई नेपाल राज्यको एक प्रमुख अंगका रुपमा स्वीकार गरी यसको पुनर्गठन गरियो र यसलाई गण र गुल्मको रुप दिइयो। यसपछि मात्र भीमसेन थापाद्वारा पाश्चात्य शैलीबाट परिचालित नेपालको सैनिक संगठन विश्वशान्ति कायम गर्ने उद्देश्यले प्रेरित भएर निरन्तर अगाडि बढिरहेको वर्तमान यथार्थताबाट पुष्टि हुन आउँछ। यसबीच समय-समयमा सैनिक संगठनभित्र यदाकदा परिवर्तनहरु देखापरेको पाइन्छ। यसबारे "सैनिक प्रशासन" शीर्षक अन्तर्गत विभिन्न पदाधिकारीहरुबारे चर्चा गर्दा उल्लेख गरिनेछ।

**कमाण्ड-इन-चीफ**

कमाण्डर-इन-चीफ पदको सृजना सन् १८३५ मा भएको थियो। भीमसेन थापाद्वारा पाश्चात्य शैलीबाट नेपाली सेनाको पुनर्गठन गर्ने सन्दर्भमा यस पदको सृजना भएको थियो। यस पदको सृजना हुनुभन्दा अघिसम्म भीमसेन थापा जनरलको हैसियतबाट चिनिन्थे। नेपाली सेनामा यो सर्वोच्च पद थियो। राजेन्द्रविक्रम शाहले भीमसेन थापालाई यस पदबाट विभूषित गर्दा सन् १८३५ को लालमोहरमा "........सो बमोजिम(मुख्तियार) थामी श्री कमाण्डर-इन-चीफ जनरल मान मरावत बक्सी धा घरसार न्या कटक जंगी मुलुकी हाम्रा सर मुलुको मुख्तीयारीकाम तिमीलाई बक्स्यौं" भनेर उल्लेख गरेको पाइएबाट यो पद प्रारम्भमा मुख्तीयारीसँग समाविष्ट गरी प्रदान गरिएको देखिन्छ। एउटा लालमोहरमा भीमसेन थापालाई उक्त पद प्रदान गर्नाको औचित्य दर्शाउँदै उनको योगदानको कदर गरिएको कुराको उल्लेख यसरी गरिएको छ :-

"हिन्दुस्थानमा अंग्रेजको रेजिमेन्ट वस्याको जवन जांन जग्गामा छ २/४ वर्षभन्दा अध्यौंलो राज्य स्वतन्त्र कसैले राषन सक्याको छैन यहाँ तिमीलाई अख्त्यारी गरी वक्सदा १९/२० वर्ष भयो तपनि आज सम्म स्वतन्त्र राज्य रहृयाको छ।"

उपर्युक्त उद्धृतांशमा भीमसेन थापालाई कमाण्डर-इन-चीफ पद प्रदान गर्नाको मूल आधार थियो उनको नेतृत्वमा भएको सैनिक संगठनको फलस्वरुप अंग्रेजी शक्तिबाट नेपाल राज्यलाई स्वतन्त्र राख्न सफल हुनु। पश्चिमी राज्यहरुमा पनि राज्यको सार्वभौमिक स्वतन्त्रता बनाईराख्न सेनाको सम्पूर्ण अभिभारा कमाण्डर-इन-चीफमा निहित रहने परम्परा कायम भइसकेको थियो। तत्कालीन भारतमा अंग्रेजहरुको एकाधिकार कायम भएपछि यसलाई यथावत् कायम राख्नु एउटा कमाण्डर-इन-चीफको जिम्मेवारी हुन गएको थियो। यही नीतिको अनुसरणस्वरुप राजेन्द्रविक्रम शाहद्वारा भीमसेन थापालाई उपर्युक्त पद प्रदान गरिएको थियो तापनि ती पश्चिमी राज्यहरुमा झैं राष्ट्रको सुरक्षाको अभिभारा कमाण्डर-इन-चीफलाई नसुम्पिकन केन्द्रीय प्रशासनमै निहित भएकोले ती राज्यहरुका तुलनामा भीमसेन थापा शक्तिशाली बन्न सफल भएका थिए। अत: तत्कालीन नेपालको कमाण्डर-इन-चीफ सर्वोच्च सैनिक पदाधिकारी मात्र नभई राणा र युवराजपछिका प्रमुख प्रशासनिक अधिकारी पनि थिए। सन् १८३५ को लालमोहरमा सो कुरा यसरी स्पष्ट रुपमा उल्लेख गरिएको छ :-

"अब उप्रान्त.......(गुरु) प्रोहित चौतारीया, जर्णेल, काजी, कर्णेल, कप्तान, सर्दार, लेफटेन, सुब्बा सवेला, भारदार कंपु पल्टन कंपनी गैह्र फौज जंगी मुलुकीले तिम्रा सल्लाह देषि वाहेक कसैले काम नगर्नु, तिम्रा सुर चाजामा नचली जसले तिमीलाई नाची काम गर्नामा जो पसला तसलाई लागीर गर्ना माफिकलाई तागीर गरी सजाय गर्नलाई सजाय गरी वक्सौला, कसैले तिम्रो छिचरो पातलो कुरा कहानी हामीहरुका हजुरमा भन्या यसैघरी रोक्कार गरी नाहकमा तिमीलाई वोकान लायाको रहेछ भन्ठा उस्ता नादानलाई तवसीर माफिक सजाय होला, आफ्ना षर्तिजमासँग वन्या सप्रन्या हेरी कांक विशेष हाम्रो हर्जुमा विन्ती गर्या कुरा विंति गरी आउन्या कुरा ओटी कामकाज गर तिमीले काम गर्‍याको मंजुर छ........आफ्ना तैनाथका कंपु पल्टनका सिपाही छन भनि आफ्ना घरको गाउँ वुवाको काम लाउनु पर्दा आसामीसँग प्यादा पठाउँदा धरपकड गर्दा तिमीसँग साधी सोधी गर्नु तिमीसँग नसाधी जसले काम लाउला तस्ता छोटा वडालाई तकसिर माफीक सजाय गरी वक्सौला..........."

भीमसेन थापाले कमाण्डर-इन-चीफको पदमा रहेर लामो समयसम्म मुख्तियारी शासन चलाउन सकेनन् तापनि नेपालको सैनिक संगठनमा एउटा नयाँ आयाम भने थप्न उनी सफल भएको कुरामा कुनै शंका छैन। यसले भीमसेन थापाको उदय हुनुभन्दा अघिसम्मको सैनिक संगठनमा देखापर्दै आएको अन्यौलको वातावरणलाई पन्छाएर सैनिक संगठनलाई पाश्चात्य शैलीबाट परिचालन गर्ने नयाँ दिशाबोध गरायो। तर माथि नै के कुराको उल्लेख भइसकेको छ भने उनको एक्कासी उदाउनाले राजदरबारका पुराना भारदारहरुलाई भाग्यवादको निराशको भावना जन्माउँदा उनीहरुले भित्र-भित्र भीमसेन थापाको ईर्ष्या गर्न थालेका थिए। त्यसैले कमाण्डर-इन- चीफ पदको सृजना गरेर सैनिक संगठनलाई मजबुद बनाउने भीमसेन थापाको उद्योगलाई उनका प्रतिद्वन्द्वीहरुले उनी र केवल उनको परिवारको व्यक्तिगत स्वार्थपूर्ति गर्ने एउटा माध्ययमको रुपमा लिई आलोचना गर्न थाले र राजाको कानमा विष भर्न थाले। यसको परिणामस्वरुप सन् १८३७ तिर (आषाढ सुदी ११ रोज ३) भीमसेन थापा लगायत सबै सैनिक पदाधिकारीहरुका तैनाथमा रहेका सेनालाई राजेन्द्रविक्रम शाहले आफ्नो तैनाथमा राखेर यसको महिना दिनभित्रमा जनरल, कर्णेल, लेफटिनेण्ट पदहरु निलम्बन गरेर पुन: पुरानै चौतारिया, काजी, सरदार, कप्तान, कुंभेदान सुवेदारी आदि पदहरुद्वारा सैनिक संगठन गर्ने नीति अँगाले।...

क्रमश:अर्को अङ्कमा

## भदौ १५ देखि ऐ. मसान्त सम्म तपाईंको राशिले के भन्छ ?

- ज्योतिषाचार्य मू.प.सु.शिवशंकर न्यौपाने

**यस पाक्षिकमा :**

**भदौ १६ गते शुक्रबार ऋषिपञ्चमी, १८ गते आइतबार महालक्ष्मीव्रतारम्भ, २२ गते विहीबार एकादशी, निजामति सेवा तथा साक्षरता दिवस, २५ गते आइतबार अनन्त चतुर्दशी ,२६ गते सोमबार चेपाङ्ग चोनाम पर्व, पूर्णिमा, २७ गते मंगलबार सोह्रश्राद्ध शुरु, २९ गते विहिबार वालदिवस, आश्विन १ गते आइतवार विश्वकर्मा पूजा**

***मेष:-(चु,चे,चो,ला,ली,लू,ले,लो,अ)*** सामान्य समय छ। स्वास्थ्यमा अवरोध, पारिवारिक चिन्ता, भेटभाट एवं महत्वपूर्ण ठाउँको यात्रा, बोली कडा हुने, इष्टमित्रको सहयोग, शत्रुपराजय, वौद्धिक लाभ होला।

***वृष:-(इ,उ,ए,ओ,वा,वी,वु,वे,बो)*** खर्चको समय छ। मानसिक परिश्रम, यश-प्रतिष्ठा वृद्धि, शैक्षिक एवं धार्मिक कार्य सफल, स्वास्थ्यमा खराबी, आर्थिक लाभ एवं पराक्रम बढ्ने छ।

***मिथुन:- (का,की,कु,घ,ङ,छ,के,को,हा):*** घाउचोट लाग्न सक्छ। आर्थिक उन्नति, ब्यापार व्यावसाय सामान्य, निर्माणको कामबाट प्रगति, शरीरमा कान्ति बढ्ने, आत्मबल वृद्धि र यात्राको योग छ।

***कर्कट:-(ही,हू,हे,हो,डा,डी,डू,डे,डो)*** फलदायी समय छ। द्रव्यलाभको अवसर, शारीरिक तथा मानसिक सुखलाभ, मानसिक चिन्ता, पदप्रतिष्ठा वृद्धि, सम्मान प्राप्त गर्ने समय, पढाई लेखाईमा प्रगति, वौद्धिक कामबाट फाईदा हुनेछ

***सिंह-मा,मी,मु,मे,मो,टा,टी,टु,टे)*** नोकरीमा सन्तोष, स्थानान्तरणको समय, सभा सम्मेलनमा सहभागी, खानपिन तथा भोगका सामान उपलब्ध हुने, बोलीमा कडापन, मित्र पनि विरोधी बन्ने योग छ।

***कन्या-टो,प,पी,पु,ष,ण,ठ,पे,पो)*** :सामान्य समय, मन चंचल, शत्रुहरुबाटै सहयोग मिल्ने, नोकरीमा राम्रो प्रगति, रोगव्याधिको भय, आम्दानी सन्तोषजनक, रिस बढ्ने योग छ।

***तुला:-र,री,रु,रे,रो,ता,ती,तू,ते)*** राम्रो समय, प्रगतिको दैलो देखिने, शारीरिक तथा मानसिक सुख-लाभ, आय सन्तोषप्रद, सरकारी कामको भय, पारिवारिक सन्तोष, सन्तानप्राप्तिको योग, धार्मिक कार्यप्रति रुचि बढ्ने।

***वृश्चिक:-तो,ना,नी,न,ने,नो,या,यी,यु)*** उचित समय छ। मानसम्मान वृद्धि, विशेष कामको जिम्मेवारी, झगडा विवादको समय, टाउको दुख्न सक्ने, स्वास्थ्योपचारमा खर्च, परिवारमा खटपट देखिन्छ।

***धनु:- (ये,यो,भा,भी,भू,ध,फा,ढा,भे)*** धार्मिक एवं सामाजिक कार्यको प्रगति, नेतृत्वदायी भूमिका निर्वाह, पढाई लेखाईमा वृद्धि, मान्यजनसँग सम्पर्क, शत्रुबाट सजग, विदेश यात्राको योग, एंव उपहार प्राप्ति हुने।

***मकर:-(भो,जा,जी,खी,खु,खे,खो,गा,गी)*** त्यति राम्रो समय छैन। परिवारको स्वास्थ्यमा खराबी, पैतृक एंव धार्मिक कार्य सम्पन्न, दानपुण्यप्रति अभिरुचि, पढाईमा विषयान्तर प्रवेश, व्यावहारिक शिक्षा मिल्ने।

***कुम्भ:-(गु,गेगो,सा,सी,सु,से,सो,दा)*** : सामान्य समय, कार्यमा आंशिक सफलता, पराक्रम वृद्धिको समय, मान्यजनको उचित निर्देशन प्राप्त हुने, पढाइबाट सन्तोष पदप्रतिष्ठा र यात्राको समय, विवाद नहोला भन्न सकिन्न।

***मीन:-(दी,दु,थ,झ,ञ,दे,दो,चा,ची)*** उत्तम समय, बोलीको प्रभाव बढ्ने, कार्यमा अस्थिरता, बन्धुबाधवको सहयोग मिल्ने, शिक्षामा उन्नति, नयाँ कामको थालनी, अप्रिय समाचार आउने, खानपिनमा समय तथा रकम खर्च हुने योग।

## वृक्षारोपण

गत साउन २४ गते भू-संरक्षण दिवसको अवसर पारेर विभिन्न सैनिक युनिटहरुले वृक्षारोपण गरेका छन्।

प्राप्त जानकारीअनुसार बर्दबहादुर गणले गण हे.क्वा. चरिकोट व्यारेक परिसरमा विभिन्न जातका ५ सय विरुवा रोपेको छ भने जगदल गण परिवारले गण हाताभित्र सल्ला, असारे, वैस, पारिजात, लप्सी, कपूर, अमला, मसला, भोगटे र ज्यामिर जस्ता विभिन्न जातका विरुवाहरु रोपेको छ।

यस्तै चण्डीदल गणले गण हाताभित्र तथा गण वरिपरि रहेको खालि जमिनमा विभिन्न जातका करिव ५०० वटा विरुवाहरु रोपको छभने सिन्धुपाल्चोक जिल्लाको चौतारामा तैनाथ रहेको श्री गोरखनाथ गणले साउन २४ गते स्थानीइ लामपाते सामुदायीक वन ईलाका तथा गणको पेरिमिटर हाता भित्र विभिन्न जातका २९० वटा विरुवाहरु रोपेको छ।

गणेश दल गणले श्री सिग्नल निर्देशनालयको हाताभित्र विभिन्न जातका १९५ वटा विरुवाहरु रोपेको छभने दुर्गाबक्स गणले मकवानपुर जिल्लास्थित मनहरी गाविसको भुलचोक ईलाकामा विभिन्न जातका विरुवाहरु रोपेको छ।

यस्तै नयाँ श्रीनाथ गणले सिरहास्थित लक्ष्मी सामूदायिक वन तथा जिवा खोला ईलाकामा विभिन्न जातका करिब ३०० विरुवाहरु रोपेको छभने रण शार्दुल गणले दैलेखको नारायण नगरपालिका वडा नं. ८ स्थित सैनिक इलाकामा विभिन्न जातका करिब १५० बिरुवाहरु रोपेको छ।

गोरखदल गणले बर्दियाको गुलरिया नगरपालिको तुलापुर ईलाकास्थित सरकारी जग्गामा विभिन्न जातका लगभग ४०० विरुवाहरुको रोपेको छभने मोरङ्गको लेटाङ्गस्थित अर्जुनबाण गणले गणहाताभित्र तथा स्थानीय टुक्रे वन ईलाकामा विभिन्न जातका करिब १५०० विरुवाहरु रोपेको छ।

देवीदल गणले हेटौडामा र नं. ४ फिल्ड एम्बुलेन्स गुल्म तथा बझाङ्गस्थित शत्रूमर्दन गुल्मले पनि आ-आफ्नो व्यारेक पेरिमिटरभित्र विभिन्न मितिमा वृक्षारोपण गरेका छन्भने रणदल गुल्मले नवलपरासीस्थित गुल्मको अमलटारी पोष्ट तथा वरपरका सार्वजनिक जग्गामा १२५ विरुवा रोपेको छ।

यसैगरी गरुडदल गणले गत साउन ३२ गते श्री ७ भीमसेन रथयात्रा समितिको अनुरोधमा पाल्पाको तानसेन नगरपालिका स्थित अमनारायण फुलवारी परिसर र तीनधारा परिसरमा विभिन्न जातका २६५ वटा विरुवा रोपेको छभने नयाँ सबुज गणले यस बर्ष विभिन्न मितिमा करीब १७ सय विरुवाहरु रोपेको जानकारी प्राप्त भएको छ।

कालीबक्स गण (इ) ले सुनसरीको विष्णुपादुका गाविसको वडा नं. ७ स्थित सर्दुजलाधार क्षेत्रमा यही भदौ ३ गते ले ५१५ वटा विरुवा रोपेको छ भने सोही मितिमा देवीदत्त गणले गण हे.क्वा. लिवाङ्ग व्यारेकको पेरिमिटर तथा सुरक्षा गुल्म खमेलमा विभिन्न जातका १२३७ वटा विरुवा रोपेको छ।

## सैनिक गान.....................................

सोही समारोहमा प्रधानसेनापति महारथी श्री छत्र मान सिहं गुरुङ्गले सैनिक गानका श्रष्टाहरु स्व.श्री गोपाल प्रसाद रिमालकी धर्मपत्नी श्रीमती रिमाल तथा संगीतकार श्री अम्बर गुरुङ्गलाई नगद रु. २/२ लाख र सह-गायक श्री राजभण्डारीलाई रु. १ लाख प्रदान गर्नु भएको थियो। उक्त समारोहलाई सम्बोधन गर्ने क्रममा सम्माननीय प्रधानमन्त्री श्री खनालले सैनिक गानको महत्वलाई झल्काउनु हुँदै हाम्रा पितापूर्खाले जोगाएर राखेको चन्द्र र सूर्य अंकीत राष्ट्रिय झण्डाको महिमा गानलाई नेपाली सेनाले सैनिक गानकारुपमा छनौंट गर्ने निर्णय एउटा विवेकपूर्ण र सच्चा निर्णय भएको कुरा व्यक्त गर्नुभयो।

साथै उहाँले नेपालको सैनिक गानकोरुपमा छनौट भएको यस गीतले नेपालीहरुलाई आफ्नो इतिहासप्रति गर्व गर्न, वर्तमानलाई सही ढंगले व्यवस्थापन गर्न र भविष्यलाई सुन्दर एवं समुन्नत तुल्याउन प्रेरणा प्रदान गरोस् भन्ने कामना सहित यसका सर्जकहरुप्रति साधुबाद व्यक्त गर्नुभयो।

समारोहमा स्वागत मन्तव्य व्यक्त गर्नुहुँदै प्रधानसेनापति महारथी श्री छत्र मान सिंह गुरुङ्गले गीत, संगीतको क्षेत्रबाट राष्ट्रप्रेमको भाव फैलाउँदै नेपाली स्वाभिमानको प्रतिक चन्द्र र सूर्य अंकित राष्ट्रिय झण्डाको महिमा गानमार्फत राष्ट्रिय एकताको भावना बढाउन योगदान पुऱ्याउने सर्जकहरुको सम्मानमा अपूर्व र ऐतिहासिक कार्यक्रम आयोजना गर्न पाउँदा नेपाली सेना गौरवान्वित भएको कुरा व्यक्त गर्नुभयो।

सम्मान समारोहमा माननीय रक्षामन्त्री, नेपाल सरकारको मुख्य सचिव, नेपाल सरकारका उच्च निजामति पदाधिकारीहरु, सुरक्षा निकायका प्रमुखहरु, सांगीतिक तथा साहित्यिक क्षेत्रका वरिष्ठ व्यक्तित्वहरु र नेपाली सेनाका बहालवाला तथा अवकाशप्राप्त पदाधिकारीहरुको समेत उपस्थिति रहेको थियो।

























**१. स्व.श्री गोपाल प्रसाद रिमाललाई मरणोपरान्त प्रदान गरिएको मानार्थ महासेनानी दर्जाको सैनिक पोशाक उहाँकी धर्मपत्नी श्रीमती हरिदेवी रिमाललाई प्रदान गर्नुहुँदै प्रधानमन्त्रि।**

**२. गायक फत्यमान राजभण्डारीलाई कदर-पत्र प्रदान गर्नुहुँदै प्रधानमन्त्रि।**

**३. स्व.गोपालप्रसाद रिमालकी धर्मपत्नी श्रीमती हरिदेवी रिमाललाई नगद पुरस्कार प्रदान गर्नुहुँदै प्रधानसेनापति।**

**४. संगीतकार अम्बर गुरुङ्गलाई नगद पुरस्कार प्रदान गर्नुहुँदै प्रधानसेनापति।**

**५. गायक फत्यमान राजभण्डारीलाई नगद पुरस्कार प्रदान गर्नुहुँदै प्रधानसेनापति।**

**६. सम्मान समारोहका क्रममा आमन्त्रित अतिथिहरू**

**७. सैनिक गानमा प्रस्तुत नृत्य।**

**८. नेपाली सेनाको व्याण्ड गुल्मद्वारा प्रस्तुत व्याण्ड डिस्प्ले।**

## जवान लाईन तथा गनपार्क भवनको उद्घाटन



गत साउन २ गते पश्चिम पृतनापति उपरथी श्री भिक्टर ज.ब.रा.ले नं ३ बाहिनी अड्डा हाताभित्र नवनिर्मित ४० वेडको जवान लाईन तथा नं. ३ राजदल गणको नवनिर्मित गनपार्क भवनको उद्घाटन गर्नुभएको छ। उक्त समारोहमा नं. ३ बाहिनी अड्डाका बाहिनीपति स.र.श्री राजेन्द्र क्षत्री, पश्चिम पृतनाका अधिकृतहरु, नं. ३ राजदल गणका गणपति प्र.से.श्री रामजी थापा लगायत अन्य अधिकृत, पदिक तथा अन्यदर्जाको उपस्थिति रहेको थियो।

## नेपाली शान्ति सैनिकद्वारा सुडानको डार्फरमा नि:शुल्क स्वास्थ्य सेवा प्रदान

अफ्रिकी राष्ट्र सुडानको डार्फरमा तैनाथ नेपाली शान्ति सैनिकहरुको पहलता तथा नेतृत्वमा द्वन्द्वबाट अति प्रभावित डार्फरको विभिन्न स्थानहरुमा सञ्चालित नि:शुल्क स्वास्थ्य शिविरहरुबाट उल्लेख्य संख्यामा स्थानीय जनतालाई उपचार गरिएको छ।

डार्फरमा तैनाथ राष्ट्र संघिय मिशन अफ्रिकन युनियन/युनाईटेड नेसन्स् हाईब्रिड अपरेशन इन डार्फर (UNAMID)को फोर्स कमाण्डर लेफ्टिनेन्ट जनरल प्याट्रिक न्याम्भुम्बाको निर्देशन बमोजिम सो मिशनको नेपाली फोर्स रिजर्भ कम्पनीको नेतृत्वमा मंगोलियाको लेभल - २ अस्पताल, रुवाण्डाली गण तथा नेपाली सेक्टर रिजर्भ कम्पनीका मेडिकल टोलीहरु संलग्न भई 'हवुव केश-२' नामक अभ्यास सञ्चालन गरिएको र त्यसक्रममा गत श्रावण ३१ गतेदेखि यही भाद्र ६ गतेसम्म सञ्चालित अभ्यासको दौरान गुरा फर्जबवी, कुमा, दर अल सलाम, र संगील टोयावाजस्ता अति नै द्वन्द प्रभावित ईलाकाहरुमा अस्थायी अपरेशन वेशहरु स्थापनागरि दुई हजार दुई सय ८६ जना स्थानीय बासिन्दाहरुलाई स्वास्थ्य सेवा प्रदान गरिएको छ।



प्राप्त जानकारी अनुसार साधारण स्वास्थ्य सेवा बाहेक दन्त सेवा, आँखाका बिरामीहरुको उपचार, अल्ट्रा साउण्ड सेवा तथा क्षयरोग, मलेरिया, एचआईभी एड्सलगायतका रोगहरुको प्रयोगशाला परीक्षणसमेत गरिएको थियो भने सो शिविरलाई युनिसेफ, डब्लुएचओ र सुडानी स्वास्थ्य मन्त्रालयले विभिन्न औषधिहरु उपलब्ध गराई सहयोग गरेका थिए। स्थानीय आवश्यकतालाई बुझी नेपाली शान्ति सैनिकहरुले लिएको यस्तो पहलकद्मीको मिशनका फोर्श कमाण्डर, चिफ अफ स्टाफ, उत्तरी सेक्टरका सेक्टर कमाण्डर, स्थानीय नेता तथा पदाधिकारी लगायत स्थानीय बासिन्दाहरुले समेत खुलेर प्रशंसा गरेको जनाइएको छ।

स्मरणीय छ, युनामिड मिशनको फोर्स रिजर्भ कम्पनी र सेक्टर रिजर्भ कम्पनीको रुपमा २०६६ कार्तिक, (तदनुसार अक्टुवर, २००९) बाट डार्फुरमा नेपाली शान्ति सैनिक तैनाथ हुँदै आएको हो।

## नं. १८ वाहिनी अड्डाको वार्षिकोत्सव सम्पन्न

उदयपूर जिल्लाको भुल्केमा तैनाथ रहेको श्री नं. १८ वाहिनी अड्डाले गत साउन ३० गते आफ्नो स्थापनाको ९ औं वार्षिकोत्सव विभिन्न कार्यक्रमहरुको आयोजना गरी मनाएको छ।

वार्षिकोत्सवको अवसरमा आयोजित सन्ध्याकालीन सांस्कृतिक कार्यक्रममा पूर्वी पृतनापति उपरथी श्री महेश विक्रम कार्की, जिल्लास्थित सुरक्षा निकायका प्रमुखहरु, प्रशासनिक निकायका प्रमुखहरु तथा स्थानीय वुद्धिजीविहरुको समेत उल्लेखनीय उपस्थिति रहेको थियो।



यसैगरी वार्षिकोत्सवको अवसरमा वाहिनीपति सहायक रथी श्री उमेश कुमार भट्टराईले विधिवत् रुपमा निशान भगवतीको पूजाअर्चना तथा झण्डोत्तोलन गर्नु भएको थियोभने आमन्त्रित सकलदर्जाका परिवारहरुको लागि मनोरञ्जनात्क खेल प्रतियोगीता सञ्चालन गरि विजयी हुनेहरु र वाहिनी अड्डाका उत्कृष्ट वर्ष जवान सि. खेम राज खत्रीलाई वाहिनीपतिबाट पुरस्कृत गरिएको थियो।

पुरस्कार वितरण पश्चात् परिवारजनलाई वडाखानाको आयोजना गरिएको नं. १८ वाहिनी अड्डाले जनाएको छ।

## सैन्य आधार तालिम.....



उपत्यका पृतना तालिम शिक्षालयमा सन्चालन भएको सि सं ५ सैन्य आधार तालिमको अन्तिम दलेल कवाजको उपत्यका पृतनापति उपरथी श्री केशव राज महतले सलामी ग्रहण तथा निरीक्षण गर्नु भयो। सो तालिम १३३ जना सैन्य जवानहरुले पूरा गरेका छन्।

पश्चिम पृतना तालिम शिक्षालयमा सन्चालन भएको सि सं. २ सैन्य आधार तालिमको अन्तिम दलेल कवाजको पश्चिम पृतनापति उपरथी श्री भिक्टर ज.ब.रा. ले सलामी ग्रहण तथा निरीक्षण गर्नुभयो। सो अवसरमा उपरथी श्री ज.ब.रा.ले तालिममा सर्वोत्कृष्ट हुने सैन्य जवानलाई खुकुरी प्रदान गर्नुका साथै विभिन्न इभेन्ट्समा उत्कृष्ट हुने सैन्य जवानहरुलाई पुरस्कृत गर्नुभयो। सो तालिम १२४ जना सैन्य जवानहरुले पूरा गरेका छन्।



पश्चिम पृतना तालिम शिक्षालय

मध्य पश्चिम पृतना तालिम शिक्षालय र नं. ४ सैन्य तालिम गुल्ममा सञ्चालन भएको सैन्य आधार तालिमको दलेल कवाजको मध्य पश्चिम पृतनाका निमित्त पृतनापति सहायक रथी श्री आदित्य बहादुर शाहले निरीक्षण गर्नुभई सलामी ग्रहण गर्नुभयो। सो तालिम मध्य पश्चिम तालिम शिक्षालयबाट ७४ जना र नं ४ सैन्य तालिम गुल्मबाट १७० जना सैन्य जवानहरुले पूरा गरेका छन्।



मध्य पृतना तालिम शिक्षालय

मध्य पृतना तालिम शिक्षालयमा सञ्चालन भएको सि.सं. ८ सैन्य आधार तालिमको अन्तिम दलेल कवाजको मध्यपृतना हे.क्वा.का चिफ अफ स्टाफ स.र. श्री दिपक बिक्रम पाण्डेले सलामी ग्रहण तथा निरीक्षण गर्नु भएको छ। सो तालिम १२२ जना सैन्य जवानहरुले पूरा गरेका छन्।



पूर्वी पृतना हे.क्वा.

इटहरीस्थित पूर्वी पृतना हे.क्वा मा सञ्चालन भएको सि.सं. १३ सैन्य आधार तालिमको अन्तिम दलेल कवाज पूर्वी पृतनाका चिफ अफ स्टाफ सहायक रथी श्री प्रदिप बहादुर सिंहले निरीक्षण तथा सलामी ग्रहण गर्नु भएको छ। सो तालिम ९६ जना सैन्य जवानहरुले पूरा गरेका छन्।

यसैगरी, नं. ५ सैन्य तालिम केन्द्रमा सञ्चालित सि.सं. ३१ सैन्य आधार तालिमको यही भदौ २ गते नं. ५ वाहिनी अड्डाका निमित्त वाहिनीपति महासेनानी श्री निरन्जन कुमार श्रेष्ठले कवाज निरीक्षण तथा सलामी ग्रहण गर्नुभयो। सो तालिम १७३ जना सैन्य जवानहरुले पूरा गरेका छन्। उक्त अवसरहरुमा नेपाली सेनाका अधिकृत, अन्यदर्जा लगायत परिवारजनको उपस्थिति रहेको थियो।



नं. ५ सैन्य तालिम केन्द्र

## पहिरो हटाइयो



यही भदौ ५ गते फष्टरैफल गणबाट गएको एक टोलीले नुवाकोटको वेलकोट गाविस ४ आरुखर्कस्थित आरुखर्क निम्न माध्यमिक विद्यालय परिसरमा थुप्रिएको पहिरो हटाएको छ।

गत साउन २२ गतेको वर्षाका कारण विद्यालय परिसरमा पहिरो आएको हुंदा उक्त पहिरो स्थानीय वासिन्दा र प्रहरीसमेतको संलग्नतामा हटाईएको फष्टरैफल गणले जनाएको छ।

## पश्चिम पृतनापतिबाट इन्द्रबक्स गण र बज्रदल गणको निरीक्षण भ्रमण



क्वार्टर गार्ड शिलान्यास गर्नुहुँदै पृतनापति

गत साउन ३० गते पश्चिम पृतनापति उपरथी श्री भिक्टर ज.ब.रा ले श्री इन्द्रबक्स गणको निरीक्षण भ्रमण गर्नुभएको छ। सो अवसरमा उपरथी श्री राणाले कोत, निर्माणधीन जवान लाईन, जवान भान्छा र व्यारेक ईलाकाको निरीक्षण गर्नुको साथै नयाँ निर्माण हुन लागेको क्वार्टरगार्डको शिलान्यास गर्नुभएको थियो।

सोहीक्रममा उहाँले गणमा सञ्चालन भइरहेको सामुहिक तालिमको डेमो अवलोकन गर्नुभइ शिक्षार्थीहरुलाई सम्वोधनसमेत गर्नुभएको थियो।

उक्त अवसरमा नं २३ बाहिनीपति सहायक रथी श्री ताजमानसिंह बस्न्यात्को समेत सहभागिता रहेको इन्द्रबक्स गणले जनाएको छ।

यसैगरी पश्चिम पृतनापति उपरथी श्री भिक्टर ज.ब.रा.ले यही भदौ १ गते नवलपरासी जिल्ला, परासीस्थित श्री बज्रदलको निरीक्षण भ्रमण गर्नुभएको छ। निरीक्षणको क्रममा पृतनापति उपरथी श्री राणाले जिल्लाको समग्र सुरक्षा बस्तुस्थितिको जानकारी लिनुभएको थियो। त्यसक्रममा उहाँले गणमा नवनिर्मित जवान भान्छा घरको उद्घाटन गर्नुको साथै गण क्वाटर गार्ड, जवान लाईन,स्टोर, गण पेरिमिटर एवं अग्यौंली गा.वि.स.स्थित डण्डा सुरक्षा पोष्टको निरीक्षण गर्नुभएको श्री बज्रदल गणले जनाएको छ।

## पूर्वी पृतनापतिबाट कालीध्वज गणको निरीक्षण



यही भदौ ११ गते पूर्वी पृतनापति उपरथी श्री महेश विक्रम कार्कीले इलामस्थित कालीध्वज गण हे.क्वा. तथा सो गण अन्तर्गतको पशुपतिनगर, आइतबारे, माईखोला, हेडट्याङ्क र सदरमूकामस्थित सुरक्षा वेशहरुको निरीक्षण गर्नुभएको छ।

उक्त अवसरमा पृतनापति श्री कार्कीले सकलदर्जालाई सम्बोधन गर्नुका साथै गणको सकलदर्जाको अथक परिश्रम र विकास निर्माण महानिर्देशनालयको आर्थिक सहयोगमा गण हे.क्वा. मा निर्मित जवान भान्छा घरको उद्घाटन गर्नुभएको कालीध्वज गणले जनाएको छ।

## मेडल परेड सम्पन्न

संयुक्त राष्ट्रसंघको आह्वानमा क्यारेवियन राष्ट्र हाईटीमा तैनाथ नन्दाबक्स गण (शा.से) नवौं डफ्फा र चण्डीप्रसाद गण (शा.से) तेह्रौं डफ्फाको यही भदौ २ गते मेडल परेड सम्पन्न भएको छ।




स्वागत् मन्तव्य गर्नुहुँदै प्र.से. श्री प्रेमध्वज अधिकारी

मिनुस्थाका लागि संयुक्त राष्ट्रसंघीय महासचिवका सहायक विशेष प्रतिनिधि केभिन केन्नेडीको प्रमुख आतिथ्यमा सम्पन्न भएको उक्त समारोहमा विशेष प्रतिनिधि केभिन केन्नेडीले शान्ति सैनिकहरुलाई सम्बोधन गर्नुहुँदै विश्व शान्तिमा नेपाली सेनाले पुऱ्याएको योगदानको प्रशंसा गर्नु भएको थियो।

यसैगरी, मिनुस्था मिशनका फोर्स कमाण्डर मेजर जनरल लुईज इडुर्डो पेरिराले आफ्नो मन्तव्य क्रममा नेपाली शान्ति सैनिकले ५३ वर्षदेखि संसारको विभिन्न स्थानमा खट्टिई विश्व शान्तिको लागि योगदान दिएको कुरा बताउनु भयो। उहाँले मिनुस्था मिशनमा खट्टिएका नेपाली शान्ति सैनिकहरुले हाईटीमा आफ्नो जिम्मेवारीलाई उत्कृष्ट ढंगले निर्वाह गरेको विचार व्यक्त गर्नुभई यु.एन.मेडलबाट सुशोभित भएकोमा सकलदर्जालाई बधाई दिनुभएको थियो।

समारोहमा दुवै गणका गणपतिहरुलाई प्रमुख अतिथिले पदक प्रदान गर्नुभएको थियो भने अन्य अधिकृत पदिक तथा अन्य दर्जालाई फोर्स कमाण्डर, चीफ अफ स्टाफ तथा मिनुस्था पुलिस कमिशनर, मिनुस्था मिशनका ब्रान्च चिफहरु तथा विभिन्न देशका कन्टिन्जेन्ट कमाण्डरहरुले पदक वितरण गर्नुभएको थियो। पदक प्रदानको कार्यक्रम पश्चात् अधिकृतको कमाण्डमा खट्टिएको १ गुल्मले सम्मान अर्पणको लागि मार्चपास प्रदर्शन गरेको थियो भने मार्च पास पश्चात् कार्यक्रमको दोस्रो खण्डमा नेपाल र नेपाली सेनाको संस्कृति झल्कने खुकुरी ड्रिल तथा नृत्यहरु प्रस्तुतगरि रात्रीभोजको कार्यक्रम भएको थियो। हाइटी र नेपालको राष्ट्रिय गान प्रस्तुत गरी शुभारम्भ गरिएको समारोहमा नेपाली कन्टिनजेन्टहरुको तर्फबाट नन्दाबक्स गण (शा.से) का गणपति प्रमुख सेनानी श्री प्रेमध्वज अधिकारीले स्वागत् मन्तव्य दिनुभएको थियो।



सलामी ग्रहण गर्नुहुँदै फोर्स कमाण्डर

## नेपाली सेना

हु. मान बहादुर राई
श्री कालीशक्ति गण(इ)मकवानपुर

सगरमाथा अनि नेपालीहरुको प्रगाढ प्रेरणा बोकेर,
सर्वोत्कृष्टभई संसारको चिनारी बन्न सक्ने,
देशभक्त सदाबहार कर्मठ सिपाही बनेर,
मातृभूमिप्रति बफादार बनी प्राण त्याग्न सक्ने ।

त्यागी बनी रगतको खोला बगाएर,
लेखिएको इतिहासलाई दुरुस्त राख्ने म युवक,
सारा नेपालीले चिन्दछन मलाई सिपाही भनेर,
त्यसैले त हुँ म नेपालीहरुको साझा युवक ।

रावा खोलामा जन्मेर मेचीकालीको ध्वनी बोकेर,
सद्भाव र सादाविचारको बोलीहरु बोल्दै बोल्दै,
सदाबहार हासिरहने हिमालको छेवैबाट ओर्लेर,
हिमाल, पहाड र तराई हरियालीमा खेल्दै खेल्दै ।

समयको साथ लिई सगरमाथाको शिखरमा पुगेर,
स्वाभिमानलाई अंकमाल गरी सुभाषहरु छरेर,
थोरै क्षणमा विश्राम खोज्ने म युवक,
नेपाली अनि नेपालीहरुको साझा सेवक ।

हिमालको हावासँगै पहाडमा सुनौलो किरण छरेर,
समथर भू-भागमा हरियाली शित्तल हावा ल्याउन खोज्ने,
मातृभूमिको सामाजिक आवश्यकता बुझेर,
परिवर्तनको प्रतिबिम्बतिर लम्कन खोज्ने ।

पूरा गर्छु कर्तव्य, पालना गरी सैनिक ऐनको,
सदैव गर्नेछु रक्षा देश, जनता र राष्ट्रियताको
सैनिकको भेषमा देश सेवा गर्ने हो मेरो काम
त्यसैले त यो देशको खम्बा "सिपाही हो मेरो नाम"

## गजल



सि. प्रेम क्षितिज चन्द
नं. ४ वाहिनी अड्डा,नेपालगञ्ज

व्यक्तित्व विचारमा अडेको हुन्छ अरे
कर्तव्य अधिकारमा अडेको हुन्छ अरे ।
मलाई त पटक्कै विश्वास लाग्दैन
भन्छन् भाग्य निधारमा अडेको हुन्छ अरे ।

सबैको समान पहुँच कहाँ हुन्छ र ?
जित अवश्य हारमा अडेको हुन्छ अरे ।

जाल, ढडिया र बल्छी त्यो माझीको जीवनमा
सधैं खोली किनारामा अडेको हुन्छ अरे ।

उन्नति र प्रगति गर्ने हाम्रो चाहना
भविश्य हाकिमको हातमा अडेको हुन्छ अरे ।

## आँसु पिई बाँच्दै छु

सिपाही. दलमान शाक्य
श्री रणभीम गण

सिउँदो सजाई पराई सँग
लगन गाठो कस्यौ अरे ।
दुष्ट भनि यो पापीलाई
तिम्ले भुल्न थाल्यौ अरे ।

मन लुट्यौ तन लुटयौ
दियौ चोरको उपहार
हात समाई खुसी साथ
पराई सँग गयौ अरे ।

साथीसँग भेट हुँदा
मेरै कुरा काट्छौ अरे
अर्कैसँग रिसायनी
गाली मलाई गर्छौ अरे
नबोलेरै सक्छु भनि
संगीसँग रिसायौ अरे
आँसु पिई बाच्दैछु म
उत्सव तिमीले मान्यौ अरे ।

लत्याएर मेरो माया
बाचा कसम भुल्यौ अरे ।
रेट्यौ मलाई त्यही कसमले
मरि जायोस् भन्यौ अरे ।
सिउँदो सजाई पराईसँग
लगन गाठो कस्यौ अरे ।

## हामी नेपाली सेना

प्युठ प्रेम ब. विष्ट
श्री ज्वालादल गण,
सूर्यविनायक

देश र जनताको उच्चशीर पार्ने
हामी नेपाली सेना
सधैं नेपाल आमा मातृभूमिको निम्ति
ज्यानको बलिदान दिने
हामी नेपाली सेना

वाहृय देशको हस्तछेप होस् या
देशको आन्तरिक कलहमा होस्
सबैलाई परास्त पार्न सफल हुने
हामी नेपाली सेना
परापूर्व पृथ्वीनारायण शाहदेखि
आफ्नो स्वभिमान कहिले झुक्न नदिने
हामी नेपाली सेना

अनि पराधिनता कहिल्यै स्वीकार नगर्ने
युद्धभूमिको बज्रपातमा तुफान बनिदिने
हामी नेपाली सेना
देशमा अशान्ति छाएमा
जननी जन्म भूमिच् स्वर्गादपीगरियसी
भन्ने आदर्शलाई आत्मसात गर्ने
हामी नेपाली सेना

सगरमाथा झैं अटल इतिहास बोकेको
हामी नेपाली सेना
बफादारिताकासाथ देश सेवा गर्ने
हामी नेपाली सेना
प्राकृतिक प्रकोप उद्धारमा
ज्यानको प्रवाह नगरि खट्ने
हामी नेपाली सेना

जन्म दिने आमा नै माटो हो
देशको शान नै गौरव हो, भनि ठान्ने
हामी नेपाली सेना
इतिहासमा अमरत्व पाएका
हामी नेपाली सेना

## वीर सिपाही



प्युठ भीम प्रसाद रेग्मी
श्री अह्विदमन गण, रसुवा,

सिपाही कवच हुन जनता अनि देशका ।
झुक्दैन शत्रु सामु कहिल्यै, श्रोत शक्तिका ।

डरको लेश नै छैन राष्ट्रको निम्ति लड्छन् ।
कायर भै बाँच्न चाहन्नन् साहस आँट गर्छन ।

लाछी भै बाँच्नु भन्दा त प्राण उत्सर्ग गर्नु नै ।
सम्झन्छन बेस ति रक्षक सिपाही वीर छन् उनै

यै माटोमा भयो जन्म यै माटो मुनि मिल्दछौं ।
शत्रुको सामुमा नित्य ज्वाला भैकन उठ्दछौं ।

## निम्तो



सि. गणेश नेपाली
श्री भैरवी दल गण

जोडालाई निम्तो मेरो, मङ्सिरमा विहे छ
दुःख सुख बाडी खाउला मसँग जे छ
आरामै छु, तयारीमा जुटी रा'छु अचेलभरि म त
खबर पठाउ पोष्टबाट तेता तिम्लाई के छ ?

जिन्दगीलाई परिवर्तनतिर मोड्छु यही मङ्सिरमा
पराईसँग अटुट नाता जोड्दैछु नी मङ्सिरमा
चोर होइन डाँका होइन सच्चा सिपाही हुँ म
तर साथी कसैको मन, चोर्छु म त मङ्सिरमा

अचेल उनी कल्पनामा, कराउँदै बस्छिन होला
ऐना हेर्दै लाली गाजल, अनुहारमा घस्छिन् होला
केही लाज केही इच्छा, सुहागरातमा लाग्छ सायद
सपनीमा सिरानीलाई अँगालोमा कस्छिन् होला ॥

## गाम्ला हजुरलाई

अम प्रेमकुमार पौडेल
श्री भवानी वक्स गण,बुटवल

पल्टनमा फुर्तिफार्ति लाम्ला हजुरलाई
घामट भन्दा रैछन नी हौ गाम्ला हजुरलाई
ज्यान सधैं विन्दासमा फीटिङ फाटिङ बोर भन्ने
लामा हात आफैं गर्ने अर्कालाई चोर भन्ने
माछा बोकी स्वाट्ट भेट्न आम्ला हजुरलाई
घामट भन्दा रैछन नी हौ गाम्ला हजुरलाई

मान्छे देख्दा लुरेलुरे मुखै ओजी हजुरको
पुलिस खोरमा मच्छड मार्दा भित्र खोजी हजुरको
मसिनाका कुरा बोकी ठूलातिर धाउनु हुन्छ
घण्टे गयो फुल्लि विदा मनाएर आउनु हुन्छ
शान्ति सेना ज्याक लाउन जाम्ला हजुरलाई
घामट भन्दा रैछन नि हौ गाम्ला हजुरलाई

पराग खायो पिच्च थुक्यो खोकिरहने ख्याक्क ख्याक्क
भने जति जम्मै कुरा मिल्नु पर्ने ट्याक्क ट्याक्क
सिनीयरलाई नटेर्ने जुनियरलाई ढाँट्न खोज्ने
पर्पागण्डा मच्चाएर लाटासोझा भाँड्न खोज्ने
भैगो अब रिफ्रेसरमा दाम्ला हजुरलाई
घामट भन्दा रैछन नी हौ गाम्ला हजुरलाई

आफ्नो सामान केहि छैन अर्काकै भरमा
तलब भन्दा खर्च बढि विचल्लि छ घरमा
फुत्त नाघ्यो तारको बार बजारतिर गायब
भित्रको लुते सिपाही बाहिर ठूलै साहेब
थुनुवा कोठा भात पुऱ्याउन आम्ला हजुरलाई
घामट भन्दा रैछन नी हौ गाम्ला हजुरलाई

कोर्ष क्याडेटमा 'घ-ज्ञ' पेशागत ज्ञान चिल्लै हजुर
जोडा सलाम खाने भए गुड मर्निङ मै जिल्लै हजुर
जागीर खान धैरै रैछ जोश गर्नोस है बेला बेला
त्यही पनि ख्वात्तै जाला होश गर्नोस् है बेला बेला
यस्तो मान्छै फेरी कहाँ पाम्ला हजुरलाई
घामट भन्दा रैछन नी हौ गाम्ला हजुरलाई

## तिमी आधुनिक नारी

प्युठ सुरज दंगाल
श्री सूर्यदल गण, बाग्लुङ्ग

नारी तिमी बिग्री सक्यौ, डिस्कोतिर धाउन थाल्यौं
फरिया चोली खै त तिम्रो, छोटा लुगा लाउन थाल्यौं
आँखामाथि रातो गाजल परेली नी खुर्की सक्यौं
आफ्नो रीति भुल्ने गरी अब साह्रै हुर्की सक्यौ

दाहोरीको कुरै छाड स्कट लगाई डिस्को तीर
रितिथिति बिगाऱ्यौ नि लाग्छ मलाई सारै पीर
कता गयो दशैं तिहार भ्यालेन टाईन डे तिमी मान्छौ
लव म्यारिज नाम राखी नारी तिमी पोईल जान्छौ ।

कपाल काटी रातो हाल्यौ ओठमा टप उनी सक्यौ
डेटिङ्ग अनि पोईल जाने दिन तिमी गुनी सक्यौ ।
कता गए मादलु र मुर्चुङ्गाका तालहरु
खै त तिम्रो शीरवन्दि, चरा अनि मालाहरु
देशको समेत बदनाम गऱ्यौ, सस्कृतीको कुरै छोड
पश्चिमको संस्कृतिलाई तिमी अब नाता जोड ।

## कर्मचारीको तलब



हु नारथबहादुर कार्की
सबुज गण
गजुरी ब्यारेक धादिङ्ग

कर्मचारीको तलब बढ्यो रे खुसि हौं कि चिन्ता गरौं
चिन्ता गरौं भने पागल भन्लान खुसि हुन मन लाग्दैन
कर्मचारीको बढेको तलबले नि बजार भाउ धान्दैन
सस्तो खालको चामल पनि पुग्यो बिसबाईस रुपैयाँ मानु
ढुङ्गा माटो मिसिएको छ रिपोर्ट गर्न कहाँ जानु

मासु किन्न गयो भने तीन सयको आधा किलो
यस्तै रहेछ नयाँ नेपाल महँगीले जनता निल्यो
एकसय पन्ध्रको तेल बढेर एकसय पच्चिस भयो भन्छन्
बिसबाईस दिनमै तलब खतम फेरी आउने दिन गन्छन्

स्कूलबाट चिठी आयो तीनमहिनाको फि बाँकी अरे
फिस नतिर्नाले छोरीले नि सरको गाली खा'की अरे
जताततै समस्या छ निकास दिने तलब मात्र
बाँच्न खोज्नु नाटक भयो कर्मचारी त्यसको पात्र

सके नाटक राम्रै खेल टाउकामा हात राखेपनि
यताउता थुम्थम्याउ तलब आएपछि दिन्छु भनि
तलब आउँछ, पुरानो तिर बाटो खुल्छ नयाँ माग्ने
यस्तै गरी चल्दै जान्छ बेला हुन्छ पेन्सन पाक्ने

पेन्सन निस्कदाको पैसा झिकि सबैको ऋण चुक्ता गर
जागिरको कमाई त्यही पेन्सनपट्टा बोकी जाउ घर
पेन्सनपछि केही सीप भए सीपअनुसारको श्रम खोज
छैन भने खन्जोत गर नत्र गार्डको जागिर रोज

फुर्सदमा धेरै सोच पुरपुरोमा हात राखी
धन त छैन अर्ति देउ छोराछोरी छेउमा राखी
यही हो तिम्रो दिनचर्या जसोतसो हाँस्न सिक
आँटो खाउ पिठो खाउ सन्तुष्टी भई बाँच्न सिक

## जानी राखौं

- मरुभूमि नभएको एकमात्र अरबी राष्ट्र **लेबनान** हो ।
- रेडियो नेपालको शुरुको नाम **नेपाल प्रजातन्त्र रेडियो** हो ।
- चालकले रक्सी खाएको छ कि छैन भनेर थाहा पाउन जाँच्ने यत्रलाई **ब्रेथलाईजर** भनिन्छ।
- क्याराभानको शाब्दिक अर्थ **लस्कर** हो ।
- कम्प्युटरलाई नेपालीमा **सुसांख्य** भनिन्छभने टाईपराईटरलाई **टङ्कन यन्त्र** भनिन्छ ।
- विहानको तारा भन्नाले **शुक्र ग्रह**लाई चिनिन्छ ।
- तीनवटा मुटु भएको जनावर **अक्टोपस** हो।

## लेख रचना आह्वान

यस सिपाही पाक्षिक पत्रिकामा तपाईंका लेख रचनाका साथै कुनै सल्लाह सुझाव भएमा **सिपाही पाक्षिक पत्रिका श्री सैनिक जनसम्पर्क निर्देशनालय, प्रचार प्रसार शाखा जंगी अड्डा** मा पत्राचार गर्न सक्नु हुनेछ। साथै sipahipatrika@gmail.com मा ईमेल पनि गर्न सक्नु हुनेछ ।

# प्रकृति संरक्षण सम्बन्धी गतिविधि

शुक्लाफाँटा वन्यजन्तु आरक्ष सुरक्षार्थ तैनाथ श्री चण्डीप्रसाद गण अन्तर्गत पोष्टहरुबाट गत साउन १६ गतेदेखि ३२ गतेसम्म गएको पट्रोल टोलीले आरक्ष ईलाकामा छाडारुपमा चरीचरण गरिरहेका १७९ वटा चौपायाहरुलाई नियन्त्रणमा लिइएको थियो । यसैबीच आरक्ष ईलाकामा अवैधरुपमा घाँस दाउरा काटिरहेका १८ जना व्यक्तिहरुलाई पक्राउ गर्नुको साथै निजहरुबाट हँसिया-६६, बन्चरो-४, नाम्लो-२६, आरा-२ र माछा मार्ने जाल-१ समेत बरामद गरेको थियो । त्यसैगरि गत साउन ३१ गते गण हे.क्वा.बाट गएको टोलीले भी.न.पा वडा नं. ११ भुजेला गाउँमा डुवानमा परेका २३ वटा घरका सबै सरसामान र मानिसहरुलाई सुरक्षित स्थानमा उद्धार गरेको थियो ।

बर्दिया राष्ट्रिय निकुञ्ज सुरक्षार्थ तैनाथ श्री नरसिंहदल गण अन्तर्गत पोष्टहरुबाट गत साउन १६ गतेदेखि ३२ गतेसम्म गएको पट्रोल टोलीले निकुञ्ज ईलाकामा अवैध रुपमा घाँस दाउरा काटिरहेका ५ जना व्यक्तिहरुलाई पक्राउ गर्नुको साथै निजहरुबाट बन्चरो-३, हँसिया गोटा-२ र बयल गोटा-२ सहित पक्राउ गरको थियो । त्यसैगरि गत साउन २३ गते कर्णाली चेक पोष्ट धनगढीबाट नेपालगञ्जतर्फ जाँदै गरेको ना ४ ख १५३५ नं. को यात्रु बाहक बसमा चेक जाँच गर्दा सुर्खेत जिल्लाको बाबिया बस्ने बिराम बहादुर बुढाले अवैधरुपमा ल्याएको रुद्राक्षको माला-४ के.जी., टिमुर १ के.जी., सिलाजित ८०० ग्राम र हिङ्ग ४ के.जी सहित पक्राउ गरी निकुञ्ज कार्यालयमा बुझाएको श्री नरसिंह दल गणले जनाएको छ ।

चितवन राष्ट्रिय निकुञ्ज, कसरा सुरक्षार्थ तैनाथ श्री नन्दाबक्स गणले विगतमा गैडाको खाक चोरी शिकारीमा संलग्नभई फरार रहेका व्यक्तिहरुलाई सुराकीको आधारमा गत साउन २२ गते गएको पट्रोल टोलीले सिद्धि गा.वि.स. नं.३ शैपाङ्गबाट ४ जना व्यक्तिहरुलाई भरुवा बन्दुक थान-१ सहित पक्राउ गरी निकुञ्ज कार्यालयमा बुझाएको थियो ।

चितवन राष्ट्रिय निकुञ्ज, नवलपरासी सुरक्षार्थ तैनाथ श्री रणदल गुल्म अन्तर्गत तामासपुर पोष्टबाट गत साउन १५ गते गएको पट्रोल टोलीले अरुणखोलामा बालुवा लोड गरिरहेको अवस्थामा ८ जना व्यक्तिहरुलाई २ वटा ट्याक्टर सहित पक्राउ गरेको थियो । त्यस्तै गत साउन १९ गते दिव्यपुरी पोष्टको उत्तरपूर्व कुदौली ईलाकामा नारायणी नदीले बगाउँदै ल्याएको अन्दाजी ५/६ महिनाको बच्चा गैडालाई नदीबाट उद्धार गरेको थियो ।

पर्सा वन्यजन्तु आरक्षमा तैनाथ श्री गुरुगोरख गुल्म अन्तर्गत निर्मलबस्ती पोष्टबाट गत साउन १६ गतेदेखि ३२ गतेसम्म गएको पट्रोल टोलीले आरक्ष ईलाकाबाट अनाधिकृतरुपमा ढुङ्गा लोड गरी लैजादै गरेको अवस्थामा ट्याक्टर ८ सहित १७ जना व्यक्तिहरुलाई पक्राउ गरी आरक्ष कार्यालयमा बुझाएको थियो ।

कोशीटप्पु वन्यजन्तु आरक्षमा तैनाथ श्री ईन्द्रदल गुल्म अन्तर्गत गत साउन १६ गतेदेखि ३२ गतेसम्म गएको पट्रोल टोलीले आरक्षभित्र छाडा रुपमा चरिचरण गरिरहेका १५२ वटा चौपायाहरु नियन्त्रणमा लिनुको साथै अवैधरुपमा चोरी शिकारी गरी ल्याएको काठको गोलिया १७ सहित ३ जना व्यक्तिहरुलाई पक्राउ गरी आरक्ष कार्यालयमा बुझाएको थियो ।

बाँके राष्ट्रिय निकुञ्जमा तैनाथ श्री गोरखदल गण अन्तर्गत कौशिलानगर पोष्टबाट गएको पट्रोल टोलीले अवैध रुपमा घाँस दाउरा काट्दै गरेको अवस्थामा हँसिया ७, साईकल ९, दाउरा भारी ८ र काठ २० क्यु.फिट सहित ८ जना व्यक्तिहरुलाई पक्राउ गरी निकुञ्ज कार्यालयमा बुझाएको थियो । त्यसैगरि गत साउन २३ गते गएको संयुक्त पट्रोल टोलीले क्यारी गोदाम ईलाकामा अनाधिकृत रुपमा काठ काट्दै गरेका काठ तस्करलाई पक्राउ गर्न खोज्दा पट्रोल टोली माथिनै बन्चरोले आक्रमण गर्न आईलागेका र पट्रोल टोलीले आत्म सुरक्षाको लागि एक राउण्ड हवाई फायर गरेको तथा घटनाका ३ जना व्यक्तिहरुलाई साईकल गोटा ८, काठको गोलिया गोटा १० र बन्चरो गोटा २ सहित पक्राउ गरी निकुञ्ज कार्यालयमा बुझाइएको श्री गोरख दल गणले जनाएको छ ।

# नयाँ श्रीनाथ गणको उद्धार कार्य

गत साउन ३१ गते ३८ जना यात्रु बोकेको डुङ्गा धनुषा र सिराहा जिल्लाको सीमानामा अवस्थित कमला नदिमा दुर्घटना भएको खबर प्राप्त प्राप्त भएपछि नेपाली सेना अन्तर्गत श्री नयाँ श्रीनाथ गणबाट उद्धार टोली परिचालन गरिएको थियो ।

स्थानीयवासिहरु सवार उक्त दुर्घटनामा परेका व्यक्तिहरु मध्ये २५ जना जिवीतै उद्धार गरिएको छ भने ३२ गते सिराहा जिल्लाका ८० वार्षिय सन्ती गोइत यादवको शब घटना स्थलभन्दा १० की.मी. तल नदि किनारामा फेला परेको नयाँ श्रीनाथ गणले जनाएको छ ।

# समरजित गुल्मद्वारा बाढी पहिरो पीडितहरूलाई सहयोग

मुगुमा तैनाथ रहेको समरजीत गुल्मबाट खट्टिएको उद्धार टोलीले रौवा गाविस वडा नं. ८ पल्टी गाउमा गएको पहिरोले पुरेको ४ वटा घरबाट पहिरो हटाई घरायसी सामानहरु निकालेको छभने पहिरोबाट पीडितहरुलाई १०० प्याकेट हाइ-इनर्जी विस्कुट वितरण गरेको छ ।

यसैगरी सोही गुल्मले यही भदौ ५ गते सेरी गाविस वडा नं. ४ स्थित गाडेगाउमा गएको पहिरोले पुरिएका ५ वटा घरबाट पहिरो हटाई घरायासी सामग्री निकालेको छभने सो स्थानमा गुल्मले स्वास्थ्य शिविर सञ्चालन गरी ९० जनाको उपचार गर्नुका साथै पहिरोबाट पीडितहरुलाई ६० के.जी. चिउरा उपलब्ध गराएको छ ।

# उद्धार कार्यमा नेपाली सेनाको श्री श्रीदल गुल्म

गत साउन २९ गते श्रीदल गुल्मले पहिरोमा परेका स्थानीयवासिन्दाहरु उद्धार गरेको छ ।

उक्त गुल्मले घटनामा परि ६ जना बेपत्ता भएका र वर्ष ४४ की कुमारी तामाङ्गको जीवितै उद्धार गर्नुका साथै घटनामा परी मृत्युवरण भएका ५ जनाको शवको समेत उद्धार गरेको थियो ।

उक्त पहिरोमा परि हराई रहेका अन्य व्यक्तिहरुको उद्धार गरी उपचारको लागि स्वाथ्य चौकी पुऱ्याउने कार्य समेत गरको छ ।

# सामाजिक कार्यमा सैनिक युनिटहरु

**कालीजंग गण:** यही भदौ ११ गते श्री कालीजंग गणले कपिलबस्तु जिल्ला बुड्ढी गाविसवडा नं ८ मा अवस्थित झडुला माइ (समता मन्दिर) इलाकाको सरसफाइ तथा बाटोघाटोको निर्माण गरेको छ । मन्दिर व्यवस्थापन समितिको अनुरोधमा गणबाट अधिकृतको नेतृत्वमा गएको १५० जनाको टोलीले काँडे तार तन्काउने र जमिन सम्याउने काम समेत गरेको कालीजंग गणले जनाएको छ ।

**रणशेर गण :** रणशेर गणले गत साउन ३१ गते परेको वर्षात्को कारण अवरुद्ध भएको अछामको कैलास खोला साना जलविद्युत परियोजनाको नहर टनेलको पहिरो हटाएको छ । टनेलमा पहिरो गएका कारण ३ दिनदेखि स्थानीय क्षेत्रमा विद्युत आपूर्ति भएको थिएन । गणबाट गएको ३५ जनाको टोलीले यही भदौ १ गतेदेखि ३ दिनसम्म श्रमदान गरेपछि जिल्ला सदरमुकाम मंगलसेन, साँफे नगरपालिकालगायत आसपासका गाविसहरुमा विद्युत सेवा सुचारु भएको उक्त रणशेर गणले जनाएको छ ।

**चन्दननाथ गण:** चन्दननाथ गणले यही भदौ ६ गते परेको अविरल वर्षाको कारण अवरुद्ध भएको सन्धिखर्क जिल्लाको नरपानी गाविसस्थित सुपा देउराली (गोरुसिंङ्गे सन्धिखर्क सडक खण्ड) को बाटोको पहिरो हटाइ बाटो सुचारु गरेको छ । यसैबीच सो गणले यही भदौ ८ गते परेको वर्षाको कारण सन्धिखर्क नगरपालिका ६ स्थित हस्पिटल ईलाकामा अवरुद्ध भएको सडकको मरामत गरी सुचारु गरेको छ ।

**भैरब प्रसाद गण:** नागर्जुन राष्ट्रिय निकुञ्जको नागर्जुन ईलाकामा कृष्ण प्रसाद तिवारीको निर्माणाधीन अवस्थामा रहेको ४ तले घरमा ढलेको सल्लाको रुखलाइ यही भदौ ७ गते श्री इन्जिनियर निर्देशनालय, भैरव प्रसाद गण र निकुञ्जले खटाएको टोलीले संयुक्तरुपमा सुरक्षित साथ हटाएको छ ।

# सैनिक कल्याणकारी छात्रवृत्ति (स्वदेश) सम्बन्धी जानकारी

सैनिक कल्याणकारी योजना निर्देशनालयद्वारा सञ्चालित कार्यक्रममध्ये अघिल्ला वर्षजस्तै यस शैक्षिक सत्र ०६७/६८ को 'सैनिक छात्रवृत्ति (स्वदेश) नियमानुसार नेपाली सेनाका बहावाला तथा अवकास प्राप्त सैनिकका एक छोरा वा छोरीलाई प्रदान गर्न लागिएको हुँदा आवश्यक कागजादसहित छात्रवृत्ति रकम दावीको लागि आवेदन दिन सुचित गरिएको छ ।

यो छात्रवृत्ति वहालवाला तथा अवकाश प्राप्त सैनिकका छोरा वा छोरीमध्ये कक्षा ६ देखि १२ कक्षासम्म अध्ययनरत रहेकाहरुलाई मात्र प्रदान गरिने छ । छात्रवृत्ति रकम प्रतिविद्यार्थी मासिक ५ सयका दरले वार्षिक एकमुष्ठ ६ हजार दिइनेछ । छात्रवृत्ति पाउने विद्यार्थी नेपाली सेनाको वहालवाला तथा अवकास प्राप्त सैनिकको सहोदर छोरा वा छोरीमध्ये १ जनाले मात्र पाउने छ ।

छात्रवृत्ति दावी गर्ने विद्यार्थीको उमेर माध्यमिक तहको लागि १८ वर्ष र उच्च माध्यमिक तह अर्थात् प्रवीणता प्रमाण पत्र तहको लागि २१ वर्ष (न)ननाघेको हुनुपर्नेछ ।

सो छात्रवृत्ति प्राप्त गर्नको लागि वहालवाला तथा भूतपूर्व सैनिकका छोराछोरीहरुले २०६७ सालको वार्षिक परीक्षामा ५० प्रतिशत अङ्क प्राप्त गरी मान्यता प्राप्त शिक्षण संस्थामा अध्ययन गरेको हुनुपर्नेछ ।

प्रधान सेनापति छात्रवृत्ति पाईरहेका र कल्याणकारी कोषको व्ययभारमा संचालित विद्यालय/महाविद्यालयहरुमा अध्ययनरत विद्यार्थीको हकमा भने यो छात्रवृत्ति प्रदान गरिने छैन । तर त्यस्ता सैनिक विद्यालय/महाविद्यालयहरुमा गैरसैनिकको कोटाबाट अध्ययन गरेका वहालवाला तथा भूतपूर्व सैनिकका छोराछोरीलाई भने विद्यालयको सिफारिशमा यो छात्रवृत्ति दिइने छ ।

उक्त छात्रवृत्तिको लागी दरखास्त दिन वहालवाला सैनिक व्यक्तिहरुले आ-आफ्नो युनिटमा आवेदन दिनुपर्नेछ तर जंगी अड्डामा कार्यरत वहालवाला सैनिकहरुको हकमा सैनिक बन्दोवस्ती अड्डामा आवदेन दिनु पर्नेछ । यस्तै अवकास प्राप्त सैनिकहरुले भने आफूलाई पायक पर्ने जुनसुकै युनिटहरुमा दरखास्त दिन सक्नुहुनेछ । दरखास्त पेश गरिसक्नु पर्ने अन्तिम दिन आउँदो कार्तिक १५ गतेसम्म तोकिएको छ ।

## पेश गर्नुपर्ने कागजातहरू

वहालवाला सैनिकका छोराछोरीको हकमा अघिल्लो वर्षको लब्धाङ्क पत्रको प्रतिलिपि, चारित्रिक प्रमाण पत्रको प्रतिलिपि र जन्म दर्ताको प्रमाण पत्रको प्रतिलिपि अनिवार्यरुपमा पेश गर्नु पर्नेछ ।

यस्तै अवकास प्राप्त सैनिकका छोराछोरीको हकमा अघिल्लो वर्षको लब्धाङ्क-पत्रको प्रतिलिपि, चारित्रिक प्रमाण पत्रको प्रतिलिपि, जन्म दर्ताको प्रमाण पत्रको प्रतिलिपि र पेन्सन पट्टाको प्रतिलिपि पेश गर्नुपर्नेछ ।

छोराछोरीको लागि छात्रवृत्तिको दावी गर्ने निवेदक सैनिक व्यक्ति विगतको द्वन्द्वमा घाइतेभई साहाराको जरुरत पर्ने भएमा सो व्यहोरा निवेदनमा स्पष्ट उल्लेख गर्नुपर्नेछ ।

कक्षा ११ उत्तीर्ण भई कक्षा १२ मा अध्ययरत विद्यार्थीहरुको हकमा निवेदन साथ कक्षा ११ को लब्धाङ्क-पत्र प्राप्त भईनसकेको हुने हुँदा निज विद्यार्थी कक्षा १२ मा अध्ययनरत हो भनि सम्बन्धित विद्यालयको सिफारिश पत्र निवेदन साथ पेश गर्नुपर्नेछ तर छात्रवृत्तिको रकम लिने समयमा लब्धाङ्क-पत्र उपलब्ध गराउनु पर्नेछ ।

कक्षा ८ उत्तीर्ण भई कक्षा ९ मा अध्ययरत विद्यार्थीहरुको हकमा निवेदनसाथ जिल्ला शिक्षा कार्यालयबाट दिइने लब्धाङ्क-पत्र पेश गर्न नसकिने अवस्थामा सम्बन्धित विद्यालयको सिफारिश पत्र निवेदनसाथ पेश गर्नुपर्नेछ तर छात्रवृत्तिको रकम लिने समयमा लब्धाङ्क पत्र उपलब्ध गराउनु पर्नेछ

कुनैपनि किसिमको सच्याइएको, केरमेट गरेको, प्रमाणित नभएको प्रमाणपत्रहरु तथा म्याद नाघेपछि प्राप्त हुने र रित नपुगेको दरखास्त मान्य हुने छैन ।

# तालिम शुभारम्भ

नेपाली सेनाको जङ्गी अड्डामा ई-प्रोक्युरमेन्ट सम्बन्धी तालिमको गत साउन ३० गते बलाधिकृत रथी श्री नेपाल भूषण चन्दले शुभारम्भ गर्नुभयो ।



बलाधिकृत रथी श्री नेपाल भूषण चन्द तथा रथीवृन्दसहित तालिममा सहभागीहरू ।

सो अवसरमा सार्वजनिक खरीद अनुगमन कार्यालयका सचिव अवनिन्द्र कुमार श्रेष्ठले ई-प्रोक्युरमेन्ट सम्बन्धी जानकारी गराउनु भएको थियो ।

# संभाररथीबाट निरीक्षण



टु.मू. कोत खानाको निरीक्षणका क्रममा संभाररथी ।

यही भदौ ७ गते संभाररथी उपरथी श्री नेत्रबहादुर थापाले टु.मू. कोतखाना डिपोको निरीक्षण गर्नु भएको छ । यसैगरी उहाँले भदौ ९ गते स्वयम्भू वारुद खाना र भदौ ११ गते बहुव्यवसाय उद्योग, कालीकास्थानको निरीक्षण गर्नुभई उल्लिखित युनिटहरुले सम्पादन गर्दै आएको कार्य लगायत विविध विषयमा जानकारी लिनु भएको छ ।

# भारत सरकारबाट नेपाली सेनालाई सहयोग

मित्र राष्ट्र भारत सरकारबाट नेपाली सेनाको लागि सहयोगस्वरुप उपलब्ध गराइएको १०९ वटा विभिन्न किसिमका सवारी साधनहरु यही भदौ ४ गते नेपाली सेनाले प्राप्त गरेको छ ।

उक्त सवारी साधनहरुमध्ये माईन प्रोटेक्टिभ भेहिकल्स २४ वटा, साना र ठूला ट्रक ५० वटा र मारुती जीप ३५ वटा रहेका छन् ।



एमपीभीहरू



मारुति जीपहरू



ट्रकहरू

# पुरस्कार वितरण

उपत्यका पृतना हे.क्वा. मा सञ्चालन भएको पृतनापति ट्रफि प्रतियोगिता अन्तर्गतको तेक्वान्दो र वक्सिङ्गका विजयी खेलाडीहरुलाई पृतनापति उपरथी श्री केशवराज महतले मेडल तथा प्रमाण पत्र प्रदान गर्नु भएको छ ।



खेलाडीहरूसँग सामूहिक तस्बिर खिचाउँदै पृतनापति लगायत अन्य अधिकृतहरू ।

उक्त अवसरमा पृतना हे.क्वा. अन्तर्गत युनिटका पतिहरु तथा सकलदर्जाको उपस्थिति रहेको उपत्यका पृतना हे.क्वा. ले जनाएको छ ।

# चोरी शिकारी पक्राऊ

रारा राष्ट्रिय निकुञ्ज सुरक्षार्थ तैनाथ रहेको समरजीत गुल्मले यही भदौ १ गते विभिन्न वन्यजन्तुको अङ्गसहित चोरी शिकारी कार्यमा संलग्न १ व्यक्तिलाई पक्राऊ गरी निकुञ्ज कार्यालयमा बुझाएको छ ।



समरजीत गुल्मले बरामद गरेको वन्यजन्तुको अंगहरु ।

पिना गा.वि.स. का सर्फ ब. बोहोराको नेतृत्वमा विष्णु शाही, रतन बहादुर शाही, धनजन बम र खम्प जन बम मिलि जङ्गली जनावरहरुको चोरी शिकार गर्ने गरेको भन्ने सुराकीको आधारमा निजहरुको घर तलास गर्दा मृगको छाला १, थारको सिङ्ग १, मृगको खुट्टाको हड्डी १, पासो २ प्याकेट बल्छी सेट १, ७.६२ क्यालिवरको गोली १ राउण्ड, भालुको कलेजो ४ टुक्रा, सिसाको टुक्रा ७, छर्रा १०, गन्धक १ टुक्रा, रतूवाको खूट्टा १ र बारुद डब्बा ३ सहित मूगू जिल्ला पिना गा.वि.स वडा नं. ९ वस्ने चोरी शिकारी रतन बहादुर शाहीलाई पक्राउ गरि आवश्यक कारवाहीको लागि रारा राष्ट्रिय निकुञ्ज कार्यालयमा बुझाइएको समरजीत गुल्मले जनाएको छ ।

# वीरदल गणद्वारा बालिकाको उद्धार

जाजरकोट जिल्लाको भगवती गाविस वडा नं. ३ मा यही भदौ ६ गते गएको पहिरोमा परेकी १८ महिनाकी वालिका मनिषा परियारलाई वीरदल गणबाट गएको उद्धार टोलीले १६ घण्टापछि जीवितै उद्धार गर्न सफल भएको छ ।



उद्धार गरिएकी बालिका

यसैगरी उक्त टोलिले घटनास्थलबाट लाश निकाल्ने, घाइतेहरुको उद्धार गर्ने, अन्य पीडित स्थानीय वासिन्दाको सामान सुरक्षित स्थानमा सार्ने र मृतकको दाहसंस्कारमा स्थानीयलाई सहयोग समेत गरेको छ । उक्त घटनामा परी एकै परिवारका ३ जनाको मृत्यु हुनुका साथै ४ जना घाईते भएको वीरदल गणले जनाएको छ ।

यसैबीच, सो गणका पिपा लालबहादुर सिंह थापाले यही भदौ ४ गते जाजरकोट अस्पतालमा भर्ना भएका एक युवतीको लागि रक्तदान गरेका छन् ।सेप्टिसेमिया रोगका कारण सिकिस्तभई अस्पताल भर्ना भएकी माझकोट गाविस वडा नं. ७ निवासी गीता कुमारी बुढालाई उपचारका क्रममा रगत आवश्यक परेको तर अस्तालमा रक्तसंग्रह मेसिन अभाव भएका कारण निज पिपाले रगत दान गरेको वीरदल गणले जनाएको छ ।

स्मरणीय छ, जाजरकोटको जिल्ला अस्पताल र चौरजहारीस्थित मिशन अस्पतालमा रक्तसंग्रह मेशिन उपलब्ध नभएको कारण विरामीको उपचारमा रगत आवश्यक परेमा अस्पतालहरुले वीरदल गणलाई रगत उपलब्ध गराउन सहयोग माग गर्दै आएको छ । यसक्रममा वीरदल गण जाजरकोटमा तैनाथ भएयता उक्त गणका ४० जवानहरुले रगत दान गरिसकेका छन् ।

**सिपाही पाक्षिक पत्रिकाको नयाँ तथा पुराना अङ्कहरु www.nepalarmy.mil.np मा पढ्न सकिने जानकारी गराइन्छ । -सं.**

मुद्रण : श्री सैनिक जनसम्पर्क निर्देशनालय, श्रव्यदृष्य महाशाखा, छापाखाना शाखा   कलर स्क्यानिङ्ग : डिजीटेक, पुल्चोक   सम्पादन सहयोगी : प्रा.सु. विनोद अधिकारी   ले-आउट: प्रा.हु. कृष्ण सिंह बोहरा